Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक ४१ २०७७ जेष्ठ ४ गते आईतवार Sunday 17, MAY, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कोरोना भाइरसको कहरमा विना कुनै जाँच, सिफारिश र पहुँचको भरमा नेपाल प्रवेश

विराटनगर । कोरोना भाइरसको संक्रमणवाट बच्नको लागि नेपाल भारतको खुल्ला सिमाना सिल गरिएको भएता पनि भारतमा विभिन्न कारणले रहेको नेपालीहरुलाई जनप्रतिनिधीहरुको सिफारीश र भनसुनको आधारमा विना कुनै जाँच प्रतालको नेपाल प्रवेश गरी रहेको छ ।

भारतमा रेल्वै सेवा सुरु भए सँगसँगै भारतमा रहेका नेपालीहरु नेपाल प्रवेश गर्न जनप्रतिनिधीको सहरा लिएका छन् भने धेरै जसो लुकीछिपी मकैको भारी भएर नेपाल प्रवेश गर्नेको संख्या बढ्दै गई रहेको छ ।

विश्व व्यापी रुपमा फैलि रेहेको कोरोना भाइरस कोभिड-१९ महामारीको कारणले नेपाल भारतको खुल्ला सिमालाई दुवै देशको सहमतिमा सिमा नाका शिलगरी सिमामा चौविसै घण्टा सुरक्षा कर्मीहरु निरन्तर आफ्नो ज्यानलाई जोखिममा राखी सुरक्षा दिई राखेका छन् भने अर्कोतिर जनप्रतिनिधी र पार्टीका नेताहरुले भनसुनको भरमा भारतमा बसेका नेपालीहरुलाई नेपाल भित्रियाउन सक्रिय भएका छन् । जसले गर्दा नेपालमा दिन दिनै कोरोना संक्रमण बृद्धि भई रहेको छ ।



विराटनगरको जोगवनी सिमा नाका

नेपालमा भेटाएका कोरोना संक्रमित धेरै जसो कामको शिलशिलामा भारत पुगेर लुकीछिपी नेपाल प्रवेश गरेका नेपालीहरुमा देखिएको छ । सानो टहरा बनाई ज्यान जोखिममा राखी सिमा सुरक्षा दिई रहेको छ भने त्यही ठाउंमा जनप्रतिनिधी र नेताहरुको भन सुनको भरमा भारतमा बसेको नेपालीहरुलाई विना कुनै जांच नेपाल प्रवेश गराएकोमा सुरक्षा कर्मीहरु असन्तुष्टी जनाएको छ । यसवाट सुरक्षाकर्मीको मनोवल घटेको सिमामा घटिएका सुरक्षा कर्मीले वताए ।

सिफारीको आधारमा नेपाल प्रवेश गर्ने राजीब गान्धी क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टरमा उपचार गराई फर्केका अग्नीसाइर कृष्णसवरन गाउंपालिका वडा नं.६ महुली सम्प्तरी क्यानसर विरामी भएकी जागेश्वरी देवी जोशी, पति चुनीलाल जोशी र बुहारी श्रीमति रेणु चौधरी जोशीलाई कुनै जांच प्रताल नगराई सोही गाउंपालिको सिफरिसमा नेपाल भित्रियाएको थियो ।

त्यसैगरी आफ्नो पहुंचको आधारमा विराटनगर भन्सार कार्यालय रानीको मुख्य नाकाबाटै सिफारिस प्रक्रिया पुऱ्याएर विराटनगर महानगर पालिका वडा नं. २ को पवन कुमार राठी, पुष्पा

वांकी अन्तिम पेजमा...

## साँवा रकम बुझाउन अवसर दिन सरकारसंग आग्रह

विराटनगर । दश वर्ष पहिले वन्द भएको उद्योग व्यवसाय संचालनगरेका उद्योगीहरुले उद्योग व्यवसायको बक्यौता रहेको आयकर, भ्याट, जरीवाना र सोमा लाग्ने व्याज मिनाहा गरी साँवा बुझाउने अवसर दिनु पर्ने मोरङका व्यवसायीहरुले सरकारसंग आग्रह गरेका छन् ।

मोरङ व्यापार संघका पूर्व अध्यक्ष खेमचन्द जैनले करको जरिवाना र ब्याज मिनाहा गरेर साँवा मात्र बुझाएर व्यवसायीलाई फरफारक हुने अवसर दिन आग्रह गर्नुभएको छ । यसका लागि उहाले अर्थमन्त्री डा युवराज खतिवडा, राजस्व सचिव, आन्तरिक राजस्व विभाग र राजस्व परामर्श समिति लगायतका निकायमा पत्र पठाई सकेको छ । साँवा बुझाउन ६ महिनाको अवसर दिनुपर्ने पूर्व अध्यक्ष जैनको भनाई छ ।

पत्रमा भनिएका छ 'दश वर्षभन्दा पहिले बन्द भएका उद्योग व्यवसायमा कर कार्यालयले एकतर्फी आयकर कायम गरेको जिकिर गर्नुभएको छ । भारत सरकारले

वांकी अन्तिम पेजमा...

## होमियोपेथिक औषधी हस्तान्तरण

विराटनगर । प्रदेश नं. उदयपुर जिल्लाको भुल्के कोरोना भाईरसको केन्द्रविन्दु रहेको ठहर गर्दै नेपाल होमियो प्याथिक एशोसिएशनले १ हजार ४ सय व्यक्तिका लागि पुग्ने होमियो प्थाथिक ओषधीहरु हस्तान्तरण गरिएको छ ।

प्रदेश १ सामाजिक विकास मन्त्रालयको अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाका डा. सरोजप्रसाद विशाल र नेपाल होमियोप्याथिक एशोसियनका अध्यक्ष डा. घनश्याम सुवेदीले उदयपुरको त्रियुगा नगरपालिकाका प्रमुख वलदेव चौधरीलाई सो होमीयोपेथिक औषधि हस्तान्तरण गर्नु भएको थियो ।

प्रदेश नं. १ उदयपुर जिल्लालाई नै उच्च जोखिममा रहको परिवारका लागि पहिलो चरणमा भुल्कमा औषधि लगिएको डा. विशालले बताउनुभयो । प्रत्येक दिन विहान खालीपेटमा तीन दिनसम्म होमीयोपेथिक औषधि खानु पर्ने अखिल नेपाल होमीयोपेथिक एशोसियनका केन्द्रिय अध्यक्ष डा. घनश्याम सुवेदीले बताउनुभयो ।

नेपाल सरकार होमीयोपेथिक तथा वैकल्पिक चिकित्सा विभागले कोभिड-१९ व्यवस्थापन तथा रोकथामको मापदण्ड अनुसारको औषधि त्रियुगा नगरपालिका ३ भुल्केका बासिन्दाका लागि हस्तान्तरण गरिएको छ ।

आयातित औषधि खपत गरेर नेपालमा कोरोना जित्न संभव

वांकी अन्तिम पेजमा...

## सिमा विवाद समाधानको लागि संयुक्त संकल्प प्रस्ताव

विराटनगर । नेपाल भारत सीमामा बारम्वार देखिएको सीमा विवाद समाधानको लागि सत्तारुढ दल नेपाल कम्यूनिष्टपाटी र प्रतिपक्षी नेपाली कांग्रेसले संयुक्त संकल्प प्रस्ताव पेश गर्न आवश्यक रहेको नेपाली कांग्रेसका नेता डा. शेखर कोरालाले वताएको छ ।

तत्काल भारतसंग जिडिएको कालापानी, लिपुलेक, लिम्पयाधुरा लगायको सिमा विवाद सुल्झाउनका लागि सत्तारुढ र प्रतिपक्षी दवैले संसदबाट एउटै संकल्प प्रस्ताव पास गरेर भारत र चीनसँग वार्ता गर्नुपर्ने भन्दै 'अहिले प्रमुख पतिपक्ष दल नेपाली कांग्रेस र सत्तारुद दल नेकपाले बेग्लाबेग्लै संकल्प प्रस्ताव पेश गरेका छन्' राष्ट्रियताको विषयमा सत्ता र प्रतिपक्ष हुँदैन । सबै एक भएर सीमा विवाद समाधान तर्फ लाग्नु पर्ने वहांको तर्फ छ ।

लामो समयदेखि कालापानी, लिपुलेक र लिम्पियाधुराको विवाद रहेकाले अब निष्कर्ष निकाल्ने गरी नेपाल सरकारले छिमेकी राष्ट्र भारत र चीनसँग दुईपक्षिय र त्रिपक्षीय वार्तामा बसी निष्कर्ष निकाल्नु पर्ने भन्दै भारतले नेपाली भूमि लिपुलेक हुँदै चीन स्वशासित तिब्बत जोड्ने सडक निर्माण गरेको छ, जसको नेपालले विरोध जनाइसकेको छ । संसदबाट पारित संकल्प प्रस्तावसहित सुगौली सन्धिदेखि

वांकी अन्तिम पेजमा...

## बलात्कार गरेको आरोपमा एक पक्राउ

विराटनगर । एक दलित बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले एक जना युवालाई पक्राउ गरेको छ ।

मोरङको मिक्लाजुङबाट पक्राउ गरिएको यूवा मिक्लाजुङ गाउँपालिका वडा नं. ९ का धिरेन मगर रहेका छन् । मोरङ प्रहरीका प्रवक्ता डीएसपी मानबहादुर राईका अनुसार वैशाख १९ गते राति १४ वर्षीया दलित बालिकालाई बलात्कार गरेर मगर फरार रहेका थिए ।

बालिका राति आफ्नै घरमा सुतिरहेका बेला पुगेका मगरले बालिकालाई बलात्कार गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट

वांकी अन्तिम पेजमा...

नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सिमा...

हालसम्मका सन्धि सम्झौताका साथै सबै किसिमका प्रमाणका साथ वार्तामा बसी छलफलका माध्यमले समास्या समाधान गर्नु पर्ने वहांको भनाई छ।

नेपाल सरकारसंग कागजात नभेटाएमा ब्रिटिस लाइब्रेरीमा गएर भए पनि खोजेर ल्याउनुपर्छ । प्रमाणसहित वार्तामा बस्यो भने निष्कर्षमा पुग्न सकिन्छ । 'प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली भूमिमा भारतले सडक बनाएको बारे थाहा छैन भन्नु आश्चर्यजनक भएको वताए ।

परराष्ट्रमन्त्री भारतले सडक बनाएको सरकारलाई थाहा थियो भन्नुहुन्छ, त्यही सरकारका प्रधानमन्त्री आफूलाई थाहा नभएको बताउनुहुन्छ ,यो जग हसाउने काम हो। कोइरालाले भारतसँगको सीमा विवाद समाधान गर्न राजनीतिक र कूटनीतिकबाहेक अर्को विकल्प नभएको कोईरालाको भनाई थियो।

## बलात्कार...

खुलेको छ । आफूमाथि बलात्कार हुन थालेपछि बालिकाले होहल्ला गरेको र मगर त्यहीँबाट फरार भएको थियो ।

फरार रहेका मगरलाई मधुमल्लाबाट पक्राउ गरिएको छ। बालिकाको उपचार र स्वास्थ्य परीक्षण विराटनगरको कोसी अस्पतालमा गरिएको थियो । परीक्षण रिपोर्टले बालिका बलात्कृत भएको देखाएको डीएसपी राईले बताउनु भयो। पक्राउ परेका मगर विरुद्ध जवरजस्ती करणी मुद्दा चलाउन अनुसन्धान थालिएको छ।

## साँवा...

यसरी निकासीमा कोटा तोकेका उद्योगहरू नोक्सानमा चल्दा त्यति बेला नै बन्द गर्नुपरेको जैनको भनाइ छ। 'नेपाली व्यवसायीले त्यस्ता कम्पनी र उद्योग धन्धा बन्द गरेपछि नाफा-नोक्सानको हिसाबकिताब कर कार्यालयलमा पेश गरेका थिए ।'

तर कर कार्यालयले सम्बन्धित व्यक्तिलाई सम्पर्क नै नगरी एकतर्फी कर कायम गरेर उद्योग, कम्पनी र तिनका सञ्चालकलाई कालोसूचीमा राखेको छ।' उहाँका अनुसार यसरी कालोसूचीमा परेका कतिपय व्यवसायी विदेशिएका पनि छन। हाल विदेशमा रहेका व्यवसायी पनि सरकारले जरिवाना र ब्याज मिनाहा गरिदिने हो भने नेपाल फर्केर कर चुक्ता गर्ने मनस्थितिमा रहेका छन।

सरकारले व्यवसायीलाई एक पटकलाई यस्तो अवसर दिँदा सरकारी बेरुजू फछ्यौंट हुन्छ। सरकारको बक्यौता रकम असुल हुन्छ र व्यवसायी पनि कर चुक्ता गरेर फरफारक हुन पाउँछन। दुवै पक्षलाई फाइदा छ।'

## होमियोपेथिक...

नभएकाले स्थानीय श्रोत साधानलाई परिचालन गरेर रोगप्रतिरोधात्मक क्षमता बढाउने होमीयोपेथिक औषधि प्रयोग गर्ने प्रोटोकल तयार गरिएको डा. विशालले बताउनुभयो। होमीयोपेथिक औषधि स्थानीयवासीलाई वितरण गर्नुअघि औषधिको बारेमा जानकारी गराईएको थियो ।

होमियो प्याथिक औषधी हस्तान्तरण कार्यक्रममा प्रदेश सासद अम्बिका थापा, सुनिता चौधरी, जिल्ला समन्वय समिति उदयपुरका प्रमुख खड्गबहादुर परियारले औषधिको गुणस्तरीयता र उपयोगिताको बारेमा जानकारी लिनु भएको थियो। टोलीले त्रियुगा जनता बहुमुखी क्याम्पस मोतिगडामा क्वारेन्टाइनमा बसेका २० जना र भुल्केका सबैलाई तीन दिन सम्म पुग्ने औषधि उपलब्ध गराइएको छ।

## कोरोना...

राठी, प्रदीप राठी, हेमन्त राठी, निखिल राठीलाई सोही वडाका सदस्य ललित शाक्यले होम कोइराइन्टाईनमा राख्ने भनी बुझेर लगेको स्रोतले वताएको छ। भारतवाट नेपाल आएका कसैको पनि तापक्रम समेत चेकजांच गरेका थिएनन्।

भारतीय रेल्वे संचालन भएपछि भारतमा कामको शिलशिलामा बसेका नेपालीहरु धमाधम नेपाल प्रवेश गर्नका लागि भारतीय सिमाक्षेत्रमा आएर बस्ने गरेका छन्। ती मध्ये कतिपैयलाई भारतकै क्वारेन्टाइनमा राखेका छन् भने धेरै जसो लुकी छिपी नेपाल प्रवेश गर्दै आएका छन्।

रातीको समयमा लुकि छिपि नेपाल छिर्न खोज्ने व्यक्तिहरुले गर्दा सिमामा खटेको सुरक्षाकर्मीहरुलाई थप चुनौती को सामना गर्नु परिरहेको प्रहरीहरु बताउछन । पहुंच पुगेका व्यक्तिहरुलाई नेपाल प्रवेश गरेका कारण संगै नेपाल प्रवेश गर्न खोज्ने नेपालीहरु सिमापारीवाटै सुरक्षा कर्मीलाई गाली गलौच गर्ने, विच सिमामा आएर विरोध गर्ने गरेकाले सुरक्षाकर्मीलाई थप चुनौति थपिएको छ। यस तर्फ समयमै गम्भीर नभए नेपालमा कोनोना भाइरसको महामारी भयवाह रुप लिन सक्ने वृहत मधेशी नागरिक समाजका अध्यक्ष सुर्यनाथ प्रसाद सिंहको भनाई छ।

# स्वास्थ्य सामग्री हस्तान्तरण

विराटनगर। कोरोना भाईरसको रोकथाम तथा नियन्त्रणका लागि गोर्खा वेल्फेयर ट्रष्ट नेपालले कोशी अस्पताल विराटनगरलाई ५ लाख भन्दा बढीको स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको छ।

सामाजिक क्षेत्रमा क्रियाशिल रहँदै आएको उक्त ट्रष्टले कोशी अस्पतालमा २ र कोभिड-१९ उपचार केन्द्रको लागि १ गरी ३ वटा ह्याण्ड वास पोइन्ट सहित विभिन्न १२ प्रकारका स्वास्थ्य सामाग्रीहरु हस्तान्तरण गरिएको एरिया वेल्फेयर सेन्टर धरानका प्रमुख सिनियर एरिया वल्फेयर अफिसर पूर्णप्रसाद लिम्वुले जनकारी गराएको छ।

प्रदेश १ का विभिन्न स्थानीय तह लगायतका स्थानमा गोर्खा वेलफेयरले स्वास्थ्य सामाग्री हस्तान्तरण तथा ह्याण्ड वास पोइन्ट निर्माणको कामपनि गर्दै आएको छ। डिएफ्आईडीको आर्थिक सहयोगमा वितरण गरिएको विभिन्न स्वास्थ्य सामाग्री ग्रहण गर्दै कोशी अस्पताल विराटनगरकी मेडिकल सुपरीटेन्डेन्ट डा. संगीता मिश्राले अस्पतालमा ह्याण्ड वास पोइन्टको महत्वपूण भूमिका हुने बताउनुभयो।

## कोरोना संक्रमणवाट एकको मृत्यु

विराटनगर। नेपालमा कोरोना भाइरसका कारण एक जना महिलाको मृत्यु भएको छ। कोरोना भाइरसको संक्रमणवाट सिन्धुपाल्चोक बाह्रबिसेकी २९ वर्षीया महिलाको मृतयु भउको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पुष्टि गरेको छ।

दश दिनअघि त्रिवि शिक्षण अस्पतालमा ती महिलाको नर्मल डेलिभरी भएको थियो। आमाछोरा दुवैको स्वास्थ्य सामान्य भएकोले २५ गते डिस्चार्ज भएर घर फर्केका थिए।

ती महिलामा ज्वरो र खोकी लाग्नुका साथै स्वासप्रश्वासमा समस्या आएपछि बाह्रबिसे प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गर्दा पनि निको नभएपछि धुलिखेल अस्पताल ल्याइएको थियो। तीन दिन पछि निजको निधन भयो।

ती महिलाको पीसीआर विधिबाट परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आएको मन्त्रालयले जनाएको छ। नेपालमा कोभिड १९ बाट मृत्यु भएको पहिलो घटना भएको बताए।

धुम्रपान रमध्यपान आजै देखि त्यागौं र निरोगी रहौं।

# पैसा लिएर सीमा कटाउँदै गर्दा दुई पक्राउ

विराटनगर। कोरोना भाइरसले गर्दा नेपाल भारतको सिमा शिल भएपछि मानिसलाई सिमावारप गराउन व्यपार नै चलेको छ। पैसा लिएर नेपावाट सिमा पार गराई रहेको दुई जनालाई प्रहरीले पक्राउ गरेपछि सो रहस्य वहिर आएको छ।

कोई जनप्रतिनिधि, कोई पहुंचको भरमा र कोई पैसा तिरेर नेपाल भारतको खुला सिमामा सुरक्षा कर्मीको आंखा छलेर वारपार गरि रहेका छन्। पैसा लिँदै भारत घर भएका चार जना मजदुरलाई सीमा कटाएर नेपालबाट भारत पुर्याउन लागेको अवस्थामा दुई जनालाई प्रहरीले विराटनगरबाट पक्राउ गरेको थियो।

'लकडाउन' उल्लंघन गर्दै मजदुरलाई भारततर्फ लिएर गइरहेको अवस्थामा विराटनगर महानगरपालि वडा नं. ६ सरोचियाका अपसर आलम र मुवारक हुसेनलाई प्रहरीले पक्राउ गरेको पक्राउ गरेको थियो।

इलाका प्रहरी कार्यालय रानीका प्रहरी निरीक्षक दीपक थापाले मजदुरसँग पैसा असुल्दै गरको अवस्थामा उनीहरुलाई सीमा कटाएर भारत पुर्याउने प्रयास गर्दै गर्दा आलम र हुसेनलाई पक्राउ गरिएको बताएक थिए।

कोरोना भाइरसको महामारी नियन्त्रणका लागि लकडाउन गर्दै नेपाल र भारत दुई देशमा आवतजावत गर्न रोक लगाउँदै सीमा नाका पूर्ण रुपमा शिल गरिएको छ। यस्तो अवस्थामा विराटनगर महानगर पालिका वडा नं. १८ भेडियारीको बाटो हुँदै चार जनालाई लिएर भारततर्फ जाँदै गरेको अवस्थामा स्थानीय बासिन्दाको सहयोगमा दुवैलाई पक्राउ गरिएको थियो।

भारतीय चारै जना मोरङको सुन्दरहरैंचा नगरपालिकाको विराटचौकमा रहेको कमला स्टिल फ्याक्ट्रिमा मजदुरी गर्दै आएका थिए। प्रति व्यक्ति एक हजारका दरले चार हजार भारतीय रुपैयाँ असुल्दै उनीहरुलाई नेपालबाट सीमा कटाउने प्रयास गरिएका अनुसन्धानबाट खुलेको प्रहरी निरीक्षक थापाले बताएका थिए।

६ जनाको समूह सीमा क्षेत्र पार गर्नै लाग्दा स्थानीय बासिन्दाको सहयोगमा प्रहरीले रोक्दै नियन्त्रणमा लिएर सोधपुछ गर्ने क्रममा मजदुरहरुले भारत फर्कन नपाएर समस्यामा परेको र भारत फर्कनका लागि आफूहरुले पैसा तिरेको प्रहरीलाई बताएका थिए।

अप्ठेरोमा परेका बेला पैसा तिरेर भए पनि आफूहरु घर जान तयार भएको र पैसा तिरेपछि अप्ठेरो नपर्ने तथा बाटो देखाएर सीमा कटाइदिने बताउँदै दुई जनाले लिएर गएको मजदुरहरुले बताएको थियो। भारतबाट आएकामा कोरोना भइरस अध्याधिक देखिएकोले दुवै देशको नागरिकले सिमा वारपार नगर्ने गरी सिमालाई शिल गरिएको अवस्थमा दुवै तर्फ सिमानामा कडाई गरिएको छ।

# नेकपा समर्थक समाजसेवी द्वारा नेपाली कांग्रेसलाई राहत हस्तान्तरण

विराटनगर। लकडाउनको वेला खाद्य्य संकटमा परेका विपन्न परिवारलाई राहत वितरण गर्नका लागि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) समर्थक एक समाज सेवीले नेपाली कांग्रेसका एक केन्द्रीय सदस्यलाई राहत सामग्री हस्तान्तरण गरेको छ।

प्रदेश नं. १ मोरङ जिल्लको दक्षिण भारतको सिमाना जाडिएका क्षेत्र नम्बर ५ का विपन्न परिवारलाई वितरण गर्ने गरी नेकपा समर्थक विराटनगर महानगर पालिकाका युवा समाजसेवी मनिष गुरुङले खाद्य सामग्री नेपाली कांग्रेसका केन्द्रिय सदस्य अमृत अर्यालाई हस्तान्तरण गरको छ।

गुरुङले क्षेत्र नम्बर ५ का १ सय १ विपन्न परिवारका लागि एक हप्ता पुग्ने चामल, दाल, नुन, तेल, साबुन, चिउरालगायतका सामग्री हस्तान्तरण गर्नुभएको छ। सो राहत कांग्रेस नेता अर्यालमार्फत मोरङ क्षेत्र नम्बर ५ का विपन्न परिवारलाई वितरण गरिने जनाइएको छ। सत्तामा नभए पनि कांग्रेसले जनताका समस्या समाधानमा लागेकाले आफूले कांग्रेससँग नजिकिएको गुरुङले बताउनुभयो।

आगामी दिनमा पनि अन्य राहत उपलब्ध गराउने प्रतिबद्धता जनाएका थिए। अर्यालले गुरुङले राहत उपलब्ध गराएर प्रशंसनीय कार्य गरेको बताउनुभयो। सो अवसरमा प्रदेश सांसद विन्दिया कार्की, तरुण दल मोरङ अध्यक्ष सञ्जय थापा (प्रभाकर), कोषाध्यक्ष अनिल रिजाल, युवा नेता पंकज वर्मा, मनिष तिम्सिनालगायतको सहभागिता रहेको थियो।



रिकभरी नेपालको केन्द्रय उपाध्यक्ष दिपक चापागाईले प्रदेश नं. १ का २१ वटा लागु औषध पुनस्थापना केन्द्रको लागि १ सय ३४ बोरा चामल, ६ सय केजी दाल, हरियो मटर ६ सय केजी, स्वावीन तेल ६ सय लिटर नुन २ सय पोका, हाकमत धुने साबुन १५ सय पीस गरी जम्मा ५ लाख बरावरको राहत प्रदान गरेको छ।

**बिराटनगर महानगरपालिकाको अपिल**

- नोभेल कोराना (कोभिड १९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सबै पसल, उद्योग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुको लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने।
- नोभेल कोराना (कोभिड १९) भाईरस विरुद्व सामाजिक संघ सस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्वार प्रणालिको व्यवस्थापन कार्यमा सहयोग गर्ने।
- महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सुचना नभएसम्मका लागि स्थगित (बन्द) गर्ने।

थप जानकारीको लागि: ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# सिमा नाका अझ कडाई गरौं

विश्वभर कोरोना महामारीले सन्त्रास फैलाई सकेको छ। सोही कोरोनाको चपेटामा नेपाल पनि परेको छ। नेपालमा पनि कोरोना संक्रमणको संख्या बढ्दै गई रहेको छ। यसै साता एकजना महिलाको मृत्यु समेत कोरोनाकै कारण भई सकेको छ। नेपालमा कोरोना बढ्नुको मुख्य कारक तत्वको रुपमा खुला सिमाना नै देखिएको छ। धेरै जसो कोरोना संक्रमित काममको शिलशिलामा भारत गई कोरोना भाइरसको हल्लाले काम छोडेर नेपाल प्रवेश गरेका नेपालीहरुमा नै देखिएको छ। कोरोना भाइरस नेपाल भित्रिन नदिनका लागि भारत संग जोडिएका खुल्ला सिमालाई नेपाल सरकार र भारत सरकारले शिलपनि गरेको छ तर पनि सिमा खुल्ला भएकोले लुकीछिपी आउनेको संख्या हजारौं रहेको छ जसको तथ्यांक नेपाल सरकारसंग छैन। ती व्यक्तिहरु गाउं-गाउमा पुगि सकेकोले नेपालमा कोरोना समुदाय स्तरमानै फैलिन सक्ने प्रवल सम्भावना रहेको छ। त्यसैले भारतीय सिमानामा सुरक्षा कर्मीको निगरानी बढाएर नेपाल भित्रिन चाहने वा भारत भित्रन चाहने दुवैलाई कोइराइन्टाईनमा राख्न जरुरी छ।

नेपाल तर्फ सुरक्षा दिई रहेको सुरक्षा कर्मीहरुले आफ्नो ज्यानलाई जोखिममा राखेर देशको जनतालाई स्वस्थ्य राख्न अहोरात सिमामा खटि रहेका छन्। तर नेपालका जनताका जनप्रतिनिधी र पार्टीका नेताका कारण गाउं-गाउंसम्म कोरोना फैलाउन तल्लीन भएका छन्। पहुँचवाला वर्गले भारतवाट आउन कुनै जांच गराउनु पर्दैन तर त्यही समान्य परिवारका मानिसहरुले सिमामा संकटपुर्ण जीवन विताउन वाध्य भएका छन्। कानून भनेको सवैको लागि वरावर हुनुपर्छ। तर नेपालमा भारतवाट भित्रियाउन गाउंपालिका सिफारीश र राजनीतिक दवावका कारण सुरक्षाकर्मीहरुले वाध्य भएर तीनीहरुलाई नेपाल भित्रियाउन दिन्छ त्यसको सट्टमा संगै भारत वाट नेपाल फर्के चाहनेहरुले प्रहरीलाई गाली गालौच गर्ने, अवशव्द वोल्ने कारणले सुरक्षा कर्मीहरु दोहरो मारमा परेका छन्। जसका कारण सुरक्षा चुनौति दिनानुदिन बढ्दै गई रहेको छ।

कोरोना भइरसवाट नेपाललाई बचाउने हो भने सवभन्दा पहिले सिमा नाकामा अझ कलाई गर्नु पर्छ। पहुच र जनप्रतिनिधीहरुको सिफारीशमा भित्रिने नेपालीहरुमा रोक लगाउनु पर्छ। भारतवाट मात्रै होईन जुन देशवाट नेपाल आएपनि त्यसलाई पुर्णरुपमा चेकजांच गरी कोरोना छ छैन अकिन भएपछि मात्र नेपाल प्रवेश गर्न दिनु पर्छ। सिफरीश र पहुँचका भरमा ल्याएको व्यक्तिहरुले नै गर्दा नेपालमा कोरोनाको प्रकोप बढेर भयभाह स्थिति आउन नसक्न भन्न सकिन्न। त्यसैले नातावाद र पहुचवादलाई त्यागेर देशको लागि नेताहरुले सोच्नु पर्ने वेला आएको छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# कोरोना कहरपछिको संभाव्य खाद्य संकट र व्यवस्थापन

**योगेशमान श्रेष्ठ**

भनिन्छ हरेक ठूला संकटहरू अहंकारी मानव समाजलाई जिस्काउन आउछन् र जाने बेला नमिठो थप्पड हानेर जान्छन्। कोरोना कहर कस्तो रह्यो भनेर अब चर्चा परिचर्चामा समय वर्वाद गर्नै परेन, अबको हाम्रो बहस र चिन्तन कोरोना कहरपछि भविष्यमा आउँने चुनौतीहरुका लागि आवश्यक रणनीतिमा केन्द्रित गर्नु ठिक होला।

विश्वको चर्चित चिन्तक, विश्लेषक र आधिकारिक निकायहरु बाट व्यक्त विचारहरुमा सर्सती आँखा लगाउने हो भने आउँदा दिनहरू त्यती सुखद् हुने देखिन्न। कोरोना कहरपछि भोग्नु पर्ने नकारात्मक अवस्था बारे तिनीहरुको विश्लेषण सुन्दा ती चाहिनेभन्दा अलि बढी अतिरञ्जित हो कि जस्तो पनि लाग्न सक्छ।

तर सत्य कुरा केहो भने तिनीहरू कुनै ज्योतिष, माता वा धामी होइनन, तिनीहरु त आ(आफ्ना विषयका पण्डितहरू र आधिकारिक निकायहरू पो हुन् त। तसर्थ तिनीहरूका कुरालाई नजरअन्दाज गरी बस्ने लाभ कम्तिमा हाललाई छैन।

कोरोनाले आफ्नो निर्मम रूप देखाउदै गर्दा विषय विज्ञहरू भन्दैछन कोरोनाका कारण मर्ने मानिसहरूको संख्या कहरपछिको भोकमरीले मर्ने मानिसहरूको संख्याको अगाडि नगन्य हो।

संयुक्त राष्ट्र संघ चेतावनी दिदैछ कि कोरोनाको कारण सिर्जना हुने अनिकालको बहुचक्र बाइबलमा उल्लेख भएका भोकमरीहरुभन्दा पनि भयावह हुनेछ। विश्वखाद्य कार्यक्रम का प्रमुख अर्थशास्त्री एरीफ हुसेन करिब २६ करोड मानिसहरु भोकमरीको शिकार हुने चेतावनी दिँदैछन् जुन २०१९ मा विभिन्न कारणले भोकमरीले शिकार हुने ( द्वन्दबाट ७ करोड, जलवायु परिर्वतनका कारण ३.४ करोड, आर्थिक संकटका कारण २.४) भन्दा १३ करोड बढी हो।

विभिन्न स्रोत तथ्यांक फरक होला तर कोराना कहरपछि भोकमरी संकट हुने कुरामा सबैको एउटै मत छ। यी माथिका तथ्यहरूले संकेत गर्दैछ कि हामी कोरोना कहरपछि यसकै कारण सिर्जित अर्को विश्वव्यापी संकटको ढोकैमा उभिएका छौं। दु:खका साथ भन्नु पर्छ, भोकमरी र खाद्यसंकट यस्ता मानवीय समस्या हुन् जस्को असर दुर्गामी, दीघकालिन र बहुआयामिक हुन्छ।

अब प्रश्न उठ्छ, नेपालमा कोरोना कहरपछि खाद्य संकट र भोकमरी आउँछ या आउँदैन ? आयो भने कुन स्तरको होला ? हुन त कोरोना कै कारण नेपालले कति मानवीय क्षति बेर्होनु पर्ने हो त्यसको आंकलन अहिले गर्नु अलि छिटो होला तर हामी अनुमान लगाउँन सक्छौं कि कोरोना कहरपछिको खाद्य संकट हाम्रा लागि त्यति सहज नै नहोला अनि नेपाल यसमा छुट्ने कुरै भएन।

नेपालमा आउँदा दिनहरूमा हुने खाद्यसंकट र भोकमरी कुन स्तरको हुनेछ भन्न कोराना कहरको संक्रमण नेपाल र अन्य छिमेकी देशहरुमा कति लामो समयसम्म तन्किन्छ भन्नेले प्रभावित हुन्छ। तर विशेषत : यसको सांगोपाँगो स्वरूप प्रक्षेपणगर्न निम्न शिराबाट हेरेर सश्लेषण गर्नुपर्ने हुन्छ।

ती हुन, नेपालको कृषि उत्पादन, नेपालमा खाद्य अर्पयाप्तता, सोको पूर्तिको लागि कहाँबाट आयात गर्छौं, हाम्रो क्रयशक्ति कस्तो हुनेछ, आयात र वितरण प्रणाली कस्तो हुनेछ र सरकारको भूमिका कस्तो हुनेछ। पछिल्ला वर्षहरुमा नेपालको कुल गार्हस्थ उत्पादनमा पर्यटन, विप्रेषण आदिको योगदान बढ्दै गए पनि केन्द्रिय तथ्यांक विभागको २०६८ को जनगणानाको आधारमा कुल जनसंख्याको ७२.८० प्रतिशत कृषि पेशामा हुनुले कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा पक्कै ठूलै योगदान( २७.१५) रहनु स्वाभाविक नै हो।

यति ठूलो जनसंख्या कृषि पेशामा संलग्न भएता पनि केबल २५.१ प्रतिशत कृषक मात्र व्यावसायिक खेतीपातीमा संलग्न रहनुले हाम्रो कृषि प्रणाली अझै निर्वाहमूखि नै छ भन्न हिच्किचाउँनु पर्ने बिषय रहेन। खाद्य सुरक्षा र खाद्य संकटको दृष्टिकोणले यति धेरै प्रतिशत जनसंख्या कृषिमा संलग्न हुनु त्यति चिन्ताको विषय होइन सोझै हेर्दा।

तर गहिरिएर हेऱ्यो भने करिब ७५ प्रतिशत निर्वाहमुखी खेतीपातीमा रमाइरहेका कृषक परिवारको भागमा औसतमा ०.६ हेक्टर जमिन मात्र पर्छ। अझ वास्तविक खेतीपातीको लागि प्रयोग गरिएको क्षेत्रफल योभन्दा कम छ। विस्तारै गाउँबाट सहरमा रूपान्तरित वस्तीहरू, काम गर्न सक्ने श्रमशक्ति वैदेशिक रोजगारीमा लाग्नु, खेतीपातीबाट टाढै रहने सहरी जनसंख्या हरेक वर्ष बढ्दै जाँदा नेपालको गार्हस्थ कृषि उत्पादन हाम्रो आवश्यकताभन्दा निक्कै कम छ।

तसर्थ कृषिप्रधान देश भनिए पनि खाद्यान्न आयात हाम्रा अकाट्य बाध्याता हो। नेपालले विगतका वर्षहरूमा गरेको कृषिजन्य सामाग्रीको आयातको ग्राफ हेर्दा हाम्रा लागि कोराना कहरपछिको खाद्य संकटको स्तर चयनसँग निदाउन दिने खालको हुने छैन।

भंसार विभागको गएको वर्षको तथ्यांकअनुसार नेपालले कृषिजन्य वस्तुहरूको आयातको लागि गएको वर्ष करिब १ खर्ब ६२ अर्बजतिको खाद्यवस्तु आयात गरेको देखियो जसमा नेपालले भारतबाट रु. ३२ अर्ब ५९ करोड बराबरको ७ लाख ७० हजार मेट्रिक टन चामल, रु. १३ अर्ब बराबरको ४ लाख २० हजार टन मकै तथा रु. ६ अर्ब हाराहारीको १ लाख ९६ हजार टन गहुँ तथा जौ आयात गरेको थियो।

अन्य आयातमा खाद्यतेल, तरकारी र ठूलो मात्रामा पशुपंक्षी जनावरको लागि दाना रहेका छन्। राष्ट्रिय उत्पादन र आवश्यकता बीचको खाल्डो पछिल्ला वर्षहरूमा झनझन् बढ्दै गएको देखिन्छ जुन आउँदा वर्षहरुमा पनि कम हुने कुनै आधार देखिन्न।

अर्थशास्त्री केशब आचार्यका अनुसार पछिल्ला वर्षहरुमा नेपालीहरूको खानपानमा आएको मात्रा र स्वाद परिवर्तनले पनि खाद्य अपर्याप्तता हिजो पनि थियो, भोलि पनि रहनेछ। यहाँनिर एउटा तथ्यमा विचार गर्नुपर्छ कि ७५ प्रतिशत कृषकहरू निर्वाहमूखि खेतिपातिमा हुनुले खाद्य संकट हुँदा पनि ती ७५५ लाई खासै समस्या नर्पला कि भनि परिकल्पना गर्न सकिन्छ तर तथ्य त्यती रुचिकर नहुन सक्छ। ती ७५५ ले गर्ने उत्पादन कस्ता खालको छन् र ती उत्पादनले सम्बन्धित परिवारलाई कति महिना खान पुग्छ ?

अलि सकारात्मक भएर मानौं सोचौं कि निर्वाहमूखि खेतीवाला परिवारलाई आफ्नो उत्पादनले पूरै वर्ष पुग्यो रे, हिउँदे बाली लगभग सामान्यभन्दा पनि राम्रो भएको हो। यसपाली हिउँदको वर्षा औसतभन्दा बढी परेर, तर बालीनाली घरपुगेर नथन्किएसम्म आफ्नो हुन्न।

हिउँदे बाली भित्र्याउने ठ्याक्कै मुखैनिर भएको बन्दाबन्दी र एक्कासी बहुलाएको मनसुन पूर्वको क्रियाकलापले काट्न तयार भैसकेको बालीको धेरै ठूलो भाग नाश भएको सुनिदै छ। श्रमशक्तिको कमीले समयमै भित्र्याउन नपाउनु, भित्रिएको बाली पनि उपयुक्त भण्डारण, सुकाउँने र आवश्यक चिस्यान नपाएर धेरै बिग्रने संभावना छ।

त्यसो त औसतमा अन्न र गेडागुडी को २०-५० प्रतिशत र तरकारी बालीमा १५-४० प्रतिशत बजार या पुग्नु पर्ने ठाउँमा पुग्नु अगाडि नै नोक्सान हुने कुरा अनुसन्धानहरुले देखाएकै छ। अर्को तिर नेपालीहरूको प्रिय खाद्य धान रोप्ने समय सुरू हुँदैछ। बन्दाबन्दीले सिर्जित बिउ, मल, श्रम आदिको अभावमा कति ५ क्षेत्रफलमा खेतीपाती हुने हो हेर्न बाँकि छ। सामान्य अवस्था रहँदा पनि पर्याप्त मल, बिउ नपाएर खेतीपाती गर्न नपाएको समाचार केही वर्षहरुदेखि हाम्रा लागि नौलो रहेको छैन।

कोरोना कहरपछिको खाद्यसंकट न्यून गर्न सरकार यहाँनिर चुकिसकेको छ। हाम्रो प्रमुख दुई बाली भित्र्याउने र लगाउने यामको विचार गरी समयमै सुरक्षाको उपाय अपनाउदै समयमै स्पष्ट बन्दाबन्दीको असर खेतीपातीमा नपर्ने व्यवस्था गर्न सकिन्थ्यो। सरकारले स्पष्टरुपमा भन्नु पर्थ्यो कि स्वास्थय सुरक्षालाई ख्याल गरी सुरक्षित देखिएका क्षेत्रहरुमा खेतीपातीको काम गर्नु गराउनु।

सरकार नदेखे जस्तो गर्ने, कृषक नगरे जस्तो गरी-गरी थोरबहुत रुपमा अन्योलमै रहेर कृषि कर्म भैरह्यो। हिउँदमा तयार भएका नगदे तरकारी बालीबाट आर्जन हुने आम्दानी अन्य बालीलाई चाहिने आवश्यक पुँजीको जोहो गर्ने रणनीति कृषकहरुमा देखिन्छ तर हिउँदमा तयार तरकारी बाली बजारसम्म पुग्न नपाउँदा अबको खेतोपातिको लागि आवश्यक मल, बिउ र श्रमको जोहो गर्न कृषकहरूलाई गाह्रो पर्ने दुखेसो कृषकहरुबाट आउन सुरु भैसकेको छ।

वांकी पेज ५ मा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

**अस्पताल**

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## पहिचान, उत्थान आर विकासके लेल मगही भाषा पृष्ठ

# मगही भाषाके इतिहास आर विकास



श्याम सुन्दर सुतिहार

परापूर्वकाल में वाणी अव्याकृत ( व्याकरण संम्वधी प्रकृति प्रत्यादि संस्कार से अखण्ड पद रुप) बोलल गेल रहल है । उ अपन राजा इन्द्र से बोलल एकर बोली के हम सव के लिए व्झाकृत(प्रकृति-प्रत्यादी से युक्त ) करल जाय हे । इन्द्र अपन बोली के मध्य से तोडके व्याकृत करलक हे । एकरा से स्पष्ट भेल है कि बोली व्याकरणादि नियम से मुक्त लोक बोली के रुप में रहलक हे । कालांतर में वोली के व्याकरण संवंधी नियम के ग्रहण करलक हे । यहे प्राचिन लोक वोली व्याकरण से संस्कार होके संस्कृत रुप मे विकसित भेल हे । कथिल कि व्याकरण आदि नियमे से परिनिष्ठित होके वोली संस्कार पूर्ण भाषा रुप ( संस्कृत) मे सामने आवल ऐहे कारण से ओकर भाषा-रुप जन समुदाय मे अलग हो गेल है । अत: हमर सव के वीच भाषा के दुई रुप सामने आयल, जे ऐखैन तक रहल हे ।

१. व्याकरण के नियम से बानहल आभिजात्य भाषा अर्थात पढल लिखल विद्धान सव के भाषा ।

२. जन-समुदायमे बोले बाला ( लोक बोली)

यी वात एकदम सत्य है कि जन-समुदाय सव बोलै वाला बोली ही अवसर पैवके परिनिष्ठित भाष के रुप ग्रहण करै हे । यहे स्थिति शौय-शक्ति सम्पन मगध के भाषा मगधी ( मगही) के सासथ रहल हे । यहो भाषा कते उत्थान-पतन देखलक हे । यहे मुलभाषा के संशोधन करलक हे । ऐकरे गिन्ती भारोपीय परिवार के भारत-इरानी वर्ग मे आधुनिक भारती के आर्य भाष के अन्तर्गत करल गेल है जेकर प्रभाव नेपाल मे भी पडल हे । डां ग्रियर्सन ऐकरा आधुनिक आर्यभाषा के वाहरी उपशाखा के पूवी समदाय मे रैखके विहारी भी कहल गेल हे । १. विहारी से तत्पर्य राखैवाला विहारी प्रान्त लगायत विहार के सिमाना जुडल नेपालके तराई के भूभाग मे बोलैवाला भाषा से हे ।

संकृत काल में मागधी (मगही) गाँव मे बोलैवाला भाषा ऐनकी लोक बोली रहल हे : कैल कि संकृत नाटक मे सामान्य गाँउ मे बोलै वाला के मुख से मगही के प्रयोग मिलत हे । प्राचीन काल में जेकरा मागधी (मगही) कहल गेल हे । और ओकरा आइज भी मगही के नाम से जानत हे । अपने सब के पता होना चाहि कि भाषा के नामाकरण जाडैत आर क्षेत्र के नाम पर होइ हे । ऋग्वेद मे जेकरा कीकट कहल गेल हे, अथर्ववेद मे ओकरा मगध के नाम से पुकारल गेल हे । क्षेत्र के नाम पर भाष के नामाकरण के अनुसार भारत के मगध के भाषा मगही कहल गेल हे । यी भाषा संस्कृत से अलग रुप मे रहल हे । नेपाल मे जन्मल भगवान बुद्ध अपन प्रवचन के माध्यम मगही भाषा आर मगही शब्द के प्रयोग करल हे ।

